Office of Human Resources
UNIVERSITY OF WISCONSIN–MADISON

## जनवरी २०२५ देखि *University Staff* हरूको बिदाको तालिका बदल्ने

जनवरी १, २०२५ देखि, *UW–Madison* मा सबै *University Staff* हरूले नयाँ तालिकामा बिदा र व्यक्तिगत बिदाको समय पाउन शुरू गर्नेछन्। नयाँ बिदाको तालिका विश्वविद्यालयको आर्थिक वर्षसँग मिल्छ जुन जुलाई महिनाको १ तारिखमा शुरू भएर जुन महिनाको ३० तारिखमा समाप्त हुन्छ। यस प्रयासले *University Staff* र संकाय र कर्मचारीहरूको बिदा तालिकालाई पङ्क्तिबद्ध बनाउँदछ।

कर्मचारीहरूको बिदाहरूको बदलहरू स्वतः हुनेछन्। त्यहिपनि, कर्मचारीहरूले बदल र यसले बिदाहरूलाई कसरी असर गर्दछ बुझ्न महत्त्वपूर्ण छ।




### के बदलिँदैछ ?

- *University Staff*—जसमा *Craft Workers* र व्यापार सङ्घका कर्मचारीहरूले—आफ्नो वार्षिक बिदाहरू हरेक वर्ष जनवरी १ को सट्टा जुलाई १ मा पाउनेछन्।
- नचलाईएका बिदाहरू साँच्ने र बिदालाई नगदको भुक्तानीको रूपमा पाइने विकल्प हरेक वर्ष जुलाई महिना देखि सेप्टेम्बर महिनासम्म प्रदान गरिनेछ।

### के उही रहनेछ?

- *Wisconsin Retirement System* (*WRS*) का योगदानहरू
- बिरामी बिदाहरूको जम्मा हुने दरहरू
- सेवाको वर्षको आधारमा कमाइएको *vacation* का समयहरू
- निष्पक्ष श्रम मापदण्ड ऐन (*FLSA*) *exemption* अवस्था
- बिदा साँच्ने योग्यता
- बिदा कसरी कमाइन्छ (जम्मा हुने दरहरू)
- कर्मचारी तलब
- *University Staff* कर्मचारी वर्गीकरण

**हालको तालिका: अहिले नै तयारी गर्नुहोस् – डिसेम्बर ३१, २०२४**

बदलहरूले कर्मचारीहरूलाई जनवरी १, २०२५ सम्म असर नगरेतापनि *University Staff* हरूलाई बिदा नीतिहरूका अद्यावधिकहरूका साथसाथै *University Staff* बिदा तालिका बदल वेबसाईट हेर्न प्रोत्साहित गरिन्छ। कर्मचारीहरूले आफ्नो हालको बिदा कति छन् हेर्नुपर्नेछ। कर्मचारीका बिदाहरू *MyUW* को "*Time and Absence*" मा हेर्न सकिन्छ। यदि कर्मचारीहरूलाई आफ्नो बिदाहरू हेर्न सहयोग चाहिन्छ भने, वहाँहरूले आफ्नो स्थानीय स्थानीय मानव संसाधन प्रतिनिधिलाई सम्पर्क गर्न सक्नुहुनेछ।

**बदल अवधि: जनवरी १, २०२५ – जुन ३०, २०२५**

*University Staff* हरूले आफ्नो *vacation* समयको आधा हिस्सा, व्यक्तिगत विदाको आधा हिस्सा र बदल अवधिमा पर्ने तिन दिनको कानूनी बिदाहरू—नयाँ वर्षको दिन, Martin Luther King Jr. दिवस र स्मारक दिवस (*Memorial Day*)—पाउनेछन्। कानूनी बिदाहरूमा काम गर्न आवश्यक कर्मचारीहरूलाई, जुन ३०, २०२५ सम्म चलाउनु पर्ने बिदा दिइनेछ। कानूनी बिदाहरूमा काम गर्न आवश्यक कर्मचारीहरूलाई, जुन ३०, २०२५ सम्म चलाउनु पर्ने बिदा दिइनेछ।

बदल अवधिमा कुनै पनि नचलाइएको बिदाहरू अर्को आर्थिक वर्षमा सारिनेछ तर जुन ३०, २०२६ सम्ममा चलाइनु पर्नेछ।

**नयाँ बिदा तालिका: जुलाई १, २०२५ – जुन ३०, २०२६ र त्यसपछि**

बदल अवधि जुलाई १, २०२५ मा समाप्त हुनेछ र नयाँ तालिका शुरू हुनेछ। कर्मचारीहरूले आफ्नो पूरै वार्षिक *vacation* बिदाको समय, ३६ घण्टाको व्यक्तिगत बिदा समय (आंशिक कर्मचारीहरूको लागि समानुपातिक), जुलाई १, २०२५ देखि जुन ३०, २०२६ सम्मका कानूनी बिदाहरू पाउनेछन्। बदल अवधिमा जम्मा भएका कुनै पनि नचलाइएका बिदाका समय अर्को वर्षमा सारिनेछ।

कर्मचारीहरूले नयाँ *Workday* प्रविधिमा जुलाई महिनाको मध्यमा आफ्नो बिदाहरू हेर्न सक्नेछन्।

**स्रोतसाधनहरू कहाँ पाउने**

यस नयाँ बिदा तालिकामा बदलको लागि तयारी गर्न चाहने कर्मचारीहरूले विभिन्न अनलाइन स्रोतसाधनहरू हेर्न सक्दछन्। *University Staff* बिदा तालिका बदल वेबसाईटले तयारी चेकलिस्ट, बारम्बार सोधिने प्रश्नहरू, *Craft Workers* र व्यापार सङ्घ कर्मचारीहरूप्रतिको प्रभावहरू र थप कुराहरू प्रदान गर्दछ।

यी बदलहरू *Universities of Wisconsin* को नेतृत्वको पहलको एउटा हिस्सा हो। कर्मचारीहरूले यस बदलको बारेमा *Universities of Wisconsin* मार्फत सोझै ईमेल सञ्चार पाउने अपेक्षा राख्नुपर्दछ।

बदलले तपाईंलाई कसर असर गर्दछ भन्ने बारे थप प्रश्नहरूका लागि, आफ्नो स्थानीय मानव संसाधन प्रतिनिधिलाई सम्पर्क गर्नुहोला। थप जानकारीको लागि hr.wisc.edu/university-staff-leave-schedule-change वेबसाईट हेर्नुहोला।